# सिलीचोङ गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः३,संख्याः २, मितिः २०७७ साउन ५ गते**

**भाग-१**

## सिलीचोङ गाउँपालिका


## सिलीचोङ गाउँपालिकाको
# आधारभूत तथा माध्यमिक शिक्षा ऐन २०७६

***प्रमाणीकरण मिति:२०७६।१०।०३***

प्रस्तावना : नेपालको संविधान बमोजिम स्थानीय तहको शिक्षा सम्बन्धी अधिकार सुनिश्चित गर्न, देशको विकासको लागि सबै बालबालिका र युवाहरूका लागि उच्च गुणस्तरीय र जीवन उपयोगी सिकाइद्वारा यस क्षेत्रमा आवश्यक पर्ने दक्ष, योग्य र सीपयुक्त जनशक्ति उत्पादन गर्न तथा सर्वसाधरण जनतालाई सर्वसुलभ शिक्षा दिन र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुकूल आम जनताको सदाचार, शिष्टाचार नैतिकता कायम राख्न यस गाउँपालिकामा स्थापना हुने तथा हाल सञ्चालन भै रहेका विद्यालयहरूको सुधार गर्दै गुणस्तरीय विद्‌यालय शिक्षाको विकास गर्न वाञ्छनीय भएकोले,

"नेपालको संविधानको धारा २२१ को व्यवस्था अनुसार अनुसूची ८ को सूची नं. ८" तथा "स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ दफा ११ (२)ज."मा उल्लिखित अधिकार क्षेत्रभित्र रहीं दफा १०२ ले दिएको अधिकार प्रयोग गरी सिलीचोङ गाउँपालिकाको छैटौं गाउँ सभाले यो शिक्षा ऐन बनाएको छ।

## परिच्छेद एक

## प्रारम्भिक

**१. संक्षिप्त नाम, क्षेत्र र प्रारम्भ :**

(१) यस ऐनको नाम "सिलिचोङ गाउँपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन २०७६" रहेको छ ।

(२) यो ऐन सिलीचोङ गाउँपालिका क्षेत्रभर लागू हुनेछ ।

(३) यो ऐन प्रमाणीकरण भएको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) **"आधारभूत शिक्षा"** भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(ख) **"माध्यमिक शिक्षा"** भन्नाले कक्षा नौदेखि कक्षा बाह्रसम्म दिइने शिक्षालाई सम्झनु पर्छ ।

(ग) **"गाउँपालिका"** भन्नाले सिलीचोङ गाउँपालिका सम्झनु पर्छ ।

(घ) **"गाउँसभा"** भन्नाले सिलीचोङ गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्छ ।

(ङ) **"गाउँ कार्यपालिका"** भन्नाले सिलीचोङ गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

(च) **"विद्यालय शिक्षा"** भन्नाले आधारभूत र माध्यमिक दुवै शिक्षा सम्झनु पर्छ ।

(ज) **"विशेष शिक्षा"** भन्नाले दृष्टिबिहिन, श्रवण शक्ति नभएका, बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा अति अशक्त अपाङ्गता भएका, फरक क्षमता भएका बालबालिकालाई छुट्टै समूहमा राखी दिइने शिक्षा सम्झनु पर्छ ।

(झ) **"प्राविधिक तथा व्यवसायिक शिक्षा"** भन्नाले प्राविधिक ज्ञान र सीप भएको विषयवस्तुको सिकाइ गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा नौदेखि कक्षा बाह्रसम्म अध्यापन गराइने शिक्षालाई सम्झनु पर्छ ।

(ञ) **"सामुदायिक विद्यालय"** भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफा रहित प्रकृतिका नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने अनुमति वा स्वीकृति पाएको विद्यालय सम्झनु पर्छ ।

(ट) **"संस्थागत विद्यालय"** भन्नाले निजी तवरबाट स्थापना भई नेपाल सरकारबाट अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

(ठ) **"शिक्षक"** भन्नाले प्रारम्भिक बाल शिक्षादेखि १२ कक्षासम्म अध्यापन गर्ने प्रधानाध्यापक तथा अध्यापक दुवै सम्झनु पर्छ ।

(ड) **"शिक्षा अधिकृत"** भन्नाले गाउँपालिकामा रहने दफा १० बमोजिमको शिक्षा अधिकृतलाई सम्झनु पर्छ ।

(ढ) **"विद्यालय सुपरीवेक्षक"** भन्नाले गाउँपालिका अन्तरगतका विद्यालय सुपरीवेक्षण गर्न नियुक्ती गरिएको दफा ११ बमोजिमको शिक्षक सम्झनु पर्छ ।

(ट) **"विद्यालय कर्मचारी"** भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेक अन्य कर्मचारी सम्झनु पर्छ ।

(ठ) **"बालबालिका"** भन्नाले अठार बर्ष उमेर पूरा नगरेका ब्यक्तिलाई सम्झनु पर्छ ।

(ड) **"तोकिएको वा तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेका नियम, निर्देशिका तथा कार्य विधिमा तोकिएको व्यहोरा सम्झनु पर्छ ।

(ढ) **"अनुमति"** भन्नाले नेपाल सरकार वा यस गाउँपालिकाले स्थायी स्वीकृति प्रदान गरी नसकेको कुनै निश्चित स्थान वा क्षेत्रमा विद्यालय सञ्चालन गर्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई सम्झनु पर्छ ।

(ण) **"स्वीकृति"** भन्नाले तोकिए बमोजिमको सर्त पूरा गरेको विद्यालयलाई नेपाल सरकार वा गाउँपालिकाले प्रदान गरेको स्थायी स्वीकृतिलाई सम्झनु पर्छ ।

(त) **"आवासीय विद्यालय"** भन्नाले नेपाल सरकार वा गाउँपालिकाबाट आवासीय विद्यालयको रूपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई सम्झनु पर्छ ।

(त) **"शैक्षिक गुठी"** भन्नाले विद्यालय सञ्चालन गर्नका लागि कुनै ब्यक्तिले नाफा रहित उद्देश्यले स्थापना गरेको सार्बजनिक वा निजी गुठी सम्झनु पर्छ ।

(थ) **"प्रारम्भिक बाल शिक्षा"** भन्नाले चार बर्षमुनिका बालबालिकाहरूलाई दिईने एक बर्षको शिक्षालाई सम्झनु पर्छ ।

(द) **"स्थायी आवासीय अनुमति"** भन्नाले विदेशी मुलूकले कुनै सर्त तोकी वा सो मुलुकमा स्थायी रूपमा बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभरसिटी इमिग्रेण्ट भिसा (डी.भी.), परमानेन्ट रेजिडेन्ट भिसा (पी. आर) वा ग्रिन कार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रूपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमति समेतलाई जनाउँछ ।

(ध) **"गाउँ शिक्षा समिति"** भन्नाले दफा ९ अनुसारको गाउँ शिक्षा समितिलाई सम्झनु पर्छ ।

(न) **"वडा शिक्षा समिति"** भन्नाले दफा २३ अनुसारको वडा शिक्षा समितिलाई सम्झनु पर्छ ।

(प) **"विद्यालय व्यवस्थापन समिति"** भन्नाले दफा २१ अनुसारको समितिलाई सम्झनु पर्छ ।

(फ) **"अभिभावक"** भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीका अभिभावक भनी विद्यालयको अभिलेखमा जनाईएका ब्यक्ति सम्झनु पर्छ । सो शब्दले दफा २१ को प्रयोजनका लागि विद्यार्थीका बाबु, आमा, वाजे, वजै, दाजु, दिदी र त्यस्ता अभिभावक नभएको विद्यार्थीको हकमा संरक्षकत्व प्रदान गर्ने ब्यक्तिलाई समेत जनाउनेछ ।

## परिच्छेद दुई

## अनुमति लिनु पर्ने

**३. विद्यालय खोल्न अनुमति लिनु पर्ने :**

(१) कुनै नेपाली नागरिकहरूको समुदायले सामुदायिक विद्यालय वा शैक्षिक गुठी अन्तर्गत संस्थागत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई गाउँपालिका अध्यक्ष समक्ष अनुमतिको लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर आवश्यक जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिव देखिएमा तोकिएको सर्त बन्देज पालना गर्ने गरी वडा शिक्षा समितिको सिफारिसमा गाउँपालिकाले अनुमति दिनेछ ।

(३) उपदफा (२) बमोजिम अनुमति लिई खोलिएको विद्यालयले तोकिएको सर्त बन्देज पालना गरेको देखिएमा वडा शिक्षा समितिको सिफारिसमा गाउँपालिकाले स्वीकृति प्रदान गर्नेछ ।

(४) यो ऐन प्रारम्भ हुँदाको बखत कम्पनीको रूपमा सञ्चालनमा रहेका विद्यालयहरूले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न गाउँपालिका अध्यक्ष समक्ष निवेदन दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम निवेदन परेमा तोकिएको अधिकारीले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा निवेदन दिने विद्यालयको माग मनासिव देखिएमा माग बमोजिम विद्यालय सञ्चालन गर्न वडा शिक्षा समितिको सिफारिसमा गाउँपालिकाले पुनः अनुमति तथा स्वीकृति दिनेछ ।

(६) उपदफा (२), (३) र (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको विद्यालयलाई शैक्षिक गुठीको रूपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिन पाउने छैन ।

(क) सरकारी वा सार्बजनिक भवनमा सञ्चालन भएका विद्यालय,

(ख) सरकारी वा सार्बजनिक जग्गामा भवन बनाई सञ्चालन भएका विद्यालय,

(ग) कुनै ब्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान दातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय ।

(७) यस ऐन वा अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नु पर्नेछ :-

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालन (ट्रष्ट) संगठित संस्थाको रूपमा हुनु पर्ने ।

ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टमा सार्बजनिक गुठी भए कम्तीमा पाँच जना र निजी गुठी भए कम्तीमा तीन जना सदस्य हुनु पर्ने ।

(ग) शैक्षिक गुठीको आय व्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्ने ।

(घ) शैक्षिक गुठीमा तत्काल कायम रहेका ट्रष्टले आफ्नो जीवनकालमै वा शेषपछि गुठियारको रूपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्नेछ तर सार्बजनिक शैक्षिक गुठीको हकमा त्यस्ता उत्तराधिकारी तोक्दा गाउँपालिकाको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(८) सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा रहित उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा स्वीकृति लिई सार्बजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ ।

(९) उपदफा (८) बमोजिम सञ्चालित विद्यालयले पालना गर्नु पर्ने शर्त र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(१०) माथि उल्लेखित उपदफाहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै बिदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन तर नेपाल सरकारसँग सम्झौता भएमा त्यस्ता विद्यालयहरूलाई अनुमति दिन बाधा पर्ने छैन । यसरी सञ्चालित विद्यालयहरूलाई नेपाल सरकारको निर्देशनमा स्थानीय सरकारले जुनसुकै समयमा बन्द गर्न सक्नेछ ।

(११) विद्यालय सञ्चालन सम्बन्धी अन्य कुरा तोकिए बमोजिम हुनेछ ।

४. **परीक्षाको सञ्चालन** : विद्यालयमा बिभिन्न तहको शिक्षा उतीर्ण तथा योग्यताका लागि परीक्षाको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

५. **माध्यमिक शिक्षाको प्रकार** : माध्यमिक शिक्षाका प्रकार देहाय बमोजिम हुनेछन् :

(क) साधारण माध्यमिक शिक्षा

(ख) प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षा

६. **विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था** : गाउँपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा र दूर शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

७. **शिक्षाको माध्यम** :

(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अग्रेजी भाषा, स्थानीय भाषा वा तिनै भाषा हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछ :-

(क) आधारभूत शिक्षा मातृभाषामा दिन सकिनेछ ।

(ख) गैर नेपाली नागरिकले गाउँपालिकाको विद्यालयमा अध्ययन गर्दा अनिबार्य नेपाली विषयकोसट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ ।

(ग) भाषा विषयको अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनु पर्नेछ ।

(घ) अनिवार्य अंग्रेजी विषय अध्ययन गराउँदा माध्यम अग्रेजी भाषामा नै हुनु पर्नेछ ।

८. **विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तक :** विद्यालयले नेपाल सरकारले तोकेको न्यूनतम मापदण्ड नघट्ने गरी सिकाइको उपलब्धि हासिल हुने गरी अध्ययन अध्यापन गराउनु पर्नेछ । विद्यालयले तोकिएको मापदण्डभित्र रही स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्न सक्नेछ । सो प्रयोजनको लागि गाउँपालिकाले तोकिए बमोजिम स्थानीय पाठ्यक्रम विकास केन्द्र गठन गर्न सक्नेछ ।

## परिच्छेद तीन

## शिक्षा सम्बन्धी संरचनागत व्यवस्था

९. **गाउँ शिक्षा समिति :**

(१) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालयको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामका लागि देहाय वमोजिमको एक गाउँ शिक्षा समिति रहनेछ :

(क) गाउँपालिका अध्यक्ष वा गाउँपालिका अध्यक्षको जिम्मेवारी पाउने व्यक्ति -अध्यक्ष

(ख)गाउँपालिका उपाध्यक्ष -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) सामाजिक विकास समिति संयोजक -सदस्य

(ङ) गाउँ कार्यपालिकाले मनोनित गरेको गाउँ सभाका कम्तीमा एकजना महिला सदस्य सहित दुईजना -सदस्य

(च) गाउँपालिका स्तरीय शिक्षक महासंघको अध्यक्ष वा प्रतिनिधि एकजना - सदस्य

(छ) गाउँ शिक्षा समितिबाट मनोनित सम्बन्धित गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक तथा संस्थागत विद्यालयको प्रधानाध्यापकहरू मध्येवाट एकजना -सदस्य

(ज) सम्बन्धित गाउँपालिका क्षेत्रभित्र रहेका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको एकजना -सदस्य

(झ) स्थानीय समाजसेवी वा शिक्षा प्रेमी दलित वा अल्पसंख्यकहरू मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको एकजना -सदस्य

(ञ) सामुदायिक विद्यालयका शिक्षकहरू मध्येबाट गाउँशिक्षा समितिले मनोनित गरेको कम्तीमा एक जना महिला शिक्षक सहित दुईजना -सदस्य

(ट) गाउँपालिकाको शिक्षा शाखा प्रमुख- सदस्य सचिव

(२) शिक्षा समितिका पदेन सदस्यहरू बाहेक मनोनित सदस्यहरूको कार्यकाल तीन वर्षको हुनेछ ।

(३) उपदफा (१) अन्तर्गत मनोनित सदस्यले आफ्नो पदीय आचरण पूरा नगरेमा जुनसुकै समयमा पनि हटाउन वा बर्खास्त गर्न सकिनेछ तर त्यसरी हटाउँदा वा बर्खास्त गर्नु अगाडि मनासिव स्पष्टीकरणको मौकाबाट बञ्चित गरिने छैन ।

(४) गाउँ शिक्षा समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) आफ्नो गाउँ क्षेत्रभित्रको शिक्षा सम्बन्धी कार्ययोजना तयार गर्ने ।

(ख) आफ्नो कार्य क्षेत्रभित्र विद्यालय सञ्चालनका लागि अनुमति, स्वीकृति, विद्यालय सार्ने गाभ्ने सम्बन्धी गाउँपालिकालाई आवश्यक राय सल्लाह प्रदान गर्ने ।

(ग) गाउँ क्षेत्रभित्रका विद्यालयहरूलाई आर्थिक अनुदान सम्बन्धी आवश्यक स्रोतको खोजी गर्ने ।

(घ) गाउँ क्षेत्रभित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भय रहित बनाउन सहयोग गर्ने ।

(ङ) विद्यालयहरूको लेखापरीक्षण प्रक्रियालाई मर्यादित र प्रभावकारी बनाउन गाउँपालिकालाई उचित सल्लाह सुझाव प्रदान गर्ने ।

(च) गाउँपालिका क्षेत्रभित्र तत्काल स्थापना भएका आफ्नो स्रोतमा सञ्चालित सामुदायिक विद्यालयहरूको शिक्षक दरबन्दी, सेवा, सुबिधा र सर्तहरू स्वीकृतगर्न सिफारिस गर्नसक्ने ।

(छ) विद्यालय व्यवस्थापन समितिहरूलाई आवश्यक निर्देशन दिई जागरूक र सजग गराउने ।

(ज) विद्यालयको लागि आवश्यक साधन स्रोत जुटाउने र त्यसको परिचालन गर्ने गराउने ।

(झ) विद्यालयमा हुने अभिभावक र शिक्षक बीच कुनै बिबाद भएमा सोको समाधान गर्ने ।

(ञ) शिक्षाको गुणस्तर कायम राख्न आवश्यक सूचक विकास गर्ने र प्रगति मूल्याङ्कन गर्ने ।

(ट) विद्यालयको सामाजिक परीक्षण गराउने

(ठ) विद्यालयको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने ।

(ड) शैक्षिक गुठीसँग गर्ने सम्झौताका सर्तहरू निर्धारण गर्ने ।

(ढ) अन्य तोकिए बमोजिमका आवश्यक कार्यहरू गर्ने ।

**१०. <u>शिक्षा अधिकृत</u> :**

(१) गाउँपालिकामा अधिकृत स्तरको एकजना शिक्षा अधिकृतको दरवन्दी हुनेछ । शिक्षा अधिकृत शिक्षा शाखाको प्रमुखको रूपमा रहनेछ ।

(२) शिक्षा अधिकृतको काम, कर्तब्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**११. <u>विद्यालय सुपरीवेक्षक</u> :**

(१) गाउँपालिकामा शैक्षिक कार्यक्रम सञ्चालन तथा विद्यालय अनुगमन गरी शैक्षिक सहजीकरण गर्नका लागि माध्यमिक तहमा कम्तीमा ५ बर्ष स्थायी सेवा गरेको वा आधारभूत तहमा कम्तीमा

१० वर्ष स्थायी सेवा गरेका शिक्षकहरू मध्येबाट आवश्यकता अनुसार विद्यालय सुपरीवेक्षक व्यवस्था गर्न सकिनेछ ।

(२) विद्यालय सुपरिवक्षकको काम, कर्तब्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१२. <u>घुम्ती विद्यालय सञ्चालन गर्न सक्ने</u> :** गाउँपालिकाको तर्फबाट वातावरणीय तथा प्राकृतिक प्रकोपका कारण सिर्जित समस्याहरूको पहिचान गरी तोकिए बमोजिमको घुम्ती विद्यालयहरू सञ्चालन गर्न सक्नेछ ।

**१३. <u>सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्ने</u> :**

(१) गाउँपालिकाको समुदायमा साक्षरता, सीप विकास निरन्तर सिकाइ जस्ता शैक्षिक क्रियाकलाप सञ्चालन गर्न गाउँपालिकाले सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ ।

(२) सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापनका लागि देहाय बमोजिमको समिति रहनेछ :

(क) सामुदायिक सिकाइ केन्द्र रहेको वडाको वडा अध्यक्ष वा अध्यक्षको काम जिम्मेवारीमा रहेको व्यक्ति -अध्यक्ष

(ख) गाउँ शिक्षा अधिकृत -सदस्य

(ग) सामुदायिक सिकाइ केन्द्र रहेको वडा समितिको सिफारिसमा महिला वा दलित महिला वडासदस्य मध्येबाट एकजना -सदस्य

(घ) सामुदायिक सिकाइ केन्द्र रहेको वडाका विद्यालयका शिक्षकहरू मध्ये गाउँपालिकाले मनोनित गरेका कम्तीमा एकजना महिला शिक्षक सहित दुईजना -सदस्य

(ङ) महिला तथा बालबालिकाको क्षेत्रमा काम गर्ने संघ संस्थाका प्रतिनिधीहरू मध्येबाट गाउँपालिकाले मनोनित गरेको एकजना -सदस्य

(च) सम्बन्धित सामुदायिक सिकाइ केन्द्रका परिचालिका - सदस्य सचिव

(३) सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन समिति काम, कर्तब्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१४. <u>सामुदायिक सिकाइ केन्द्र अनुगमन तथा मूल्याङ्कन समितिः</u>**

(१) सामुदायिक सिकाइ केन्द्रको अनुगमन तथा मूल्याङ्कन गर्नका लागि देहाय बमोजिमको अनुगमन तथा मूल्याङ्कन रहनेछ ।

(क) गाउँपालिका अध्यक्ष वा गाउँपालिका अध्यक्षको जिम्मेवारी पाउने व्यक्ति -अध्यक्ष

(ख) गाउँपालिका उपाध्यक्ष -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) गाउँ शिक्षा समितिबाट मनोनित दलित महिला वा अल्पसङ्ख्यक एकजना -सदस्य

(ङ) अनौपचारिक शिक्षा अभियान सञ्चालनसँग सम्बन्धित सरकारी तथा गैरसरकारी निकायका प्रतिनिधि मध्येबाट समितिले छनौट गरेको एकजना -सदस्य

(ग) गाउँ शिक्षा अधिकृत -सदस्य सचिब

(२) सामुदायिक सिकाइ केन्द्र अनुगमन तथा मूल्यांकन समितिको काम, कर्तब्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१५. अध्यापन अनुमति पत्र लिनु पर्ने :**

(१) सामुदायिक विद्यालयले दरवन्दीमा वा आन्तरिक स्रोतबाट करार शिक्षक नियुक्ति गर्न शिक्षक सेवा आयोगले व्यवस्था गरे बमोजिम अध्यापन अनुमति पत्र लिएका व्यक्ति मात्र उमेद्वार हुन योग्य हुनेछन् ।

(२) विज्ञान विषय तथा कुनै कार्यक्रम वा अभियानका रूपमा वा कुनै मातृभाषामा पठनपाठन गर्ने प्रयोजनका लागि अध्यपन अनुमति पत्र सहितको उमेद्वार उपलब्ध नभएमा अध्यपन अनुमति नभएका उमेद्वारहरू मध्येबाट पनि नियुक्ति गर्न सकिनेछ । तर नियुक्त शिक्षकले पाँच वर्षभित्र अनिवार्य अध्यापन अनुमति पत्र लिई सक्नु पर्नेछ अन्यथा करार स्वतः रद्द हुनेछ ।

**६. अनुदानको व्यवस्था :**

(१) यो ऐन प्रारम्भ हुँदाको बखत दिदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको सूत्रको आधारमा गाउँपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिनेछ तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिइदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न वाधा पुऱ्याएको मानिने छैन ।

(२) सामुदायिक विद्यालयहरूले सम्पादन गर्नुपर्ने काम तथा शैक्षिक गुणस्तरलाई मापन गरी गाउँपालिकाले थप अनुदान उपलब्ध गराउन सक्नेछ ।

**१७. छात्रबृत्तिको व्यवस्था गर्न सक्ने :** गाउँपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीहरूलाई तोकिए बमोजिम छात्रबृतिको व्यवस्था गर्न सक्नेछ ।

**१८. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्ने :**

(१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कुल विद्याार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम जेहेन्दार, आर्थिक रूपमा विपन्न, अपाङ्गता भएकाहरू, दलित वा जनजाति र अल्पसंख्यक विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको छात्रवृत्तिको लागि विद्यार्थी छनौंट गर्न प्रत्येक विद्यालयमा विद्यालयको प्रधानाध्यापक, गाउँपालिकाको प्रतिनिधि र विद्यालय व्यवस्थापन समितिमा अध्यक्ष वा अध्यक्षले तोकेको सदस्य रहेको एक छात्रवृत्ति छनौट समिति रहनेछ ।

(३) समितिले छनौटको लागि आधार, सर्त र प्रक्रिया तयार गरी सो विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गर्नु पर्नेछ ।

(४) समितिले छात्रबृत्तीको लागि छनौटको नतिजा आधार सहित सार्बजनिक गर्नु पर्नेछ ।

१९. **प्रारम्भिक बाल विकास केन्द्रलाई अनुदान दिन सक्ने** : गाउँपालिकाले प्रारम्भिक बाल विकास केन्द्रलाई तोकिए बमोजिमको अनुदान रकम दिन सक्नेछ ।

२०. **प्रारम्भिक बाल शिक्षा सम्बन्धी व्यवस्था** : प्रारम्भिक बाल शिक्षाको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२१. **विद्यालय व्यवस्थापन समिति** :

(१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहाय वमोजिमको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

(क) अभिभावकले आफूमध्येबाट छानी पठाएका कम्तीमा एक जना महिला सहित चारजना -सदस्य

(ख) विद्यालय रहेको गाउँपालिकाको सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा समितिका सदस्यहरू मध्येबाट वडाध्यक्षले तोकेको एकजना -सदस्य

(ग) स्थानीय शिक्षाप्रेमी वा समाजसेवी/चन्दादाताहरू मध्येबाट वडा शिक्षासमितिले मनोनित गरेका कम्तीमा एकजना महिला सहित दुईजना -सदस्य

(घ) विद्यालयका शिक्षकले आफूहरू मध्येबाट छानी पठाएको एक जना शिक्षक प्रतिनिधि -सदस्य

(ङ) विद्यालयका प्रधानाध्यापक - सदस्य सचिव

(२) उपदफा १ खण्ड (क) र (ग) अनुसार छानिएका वा मनोनयन भएका सदस्यहरूले आफू मध्येबाट एक जना अध्यक्ष तोक्नेछ ।

(३) प्राविधिक तथा व्यवसायिक विषयमा अध्ययन वा तालिम गराईने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा उपदफा १ को अतिरिक्त गाउँ शिक्षा समितिले मनोनयन गरेको गाउँपालिका स्तरका उद्योग तथा वाणिज्य संघका एकजना प्रतिनिधि सदस्य रहनेछन् ।

(४) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नभएसम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिका अध्यक्ष हुन योग्यता पुगेका ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा ५० प्रतिशत सदस्यहरू अपाङ्गता भएका व्यक्तिको अभिभावक र समावेशी शिक्षा वा स्रोत कक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा उपलब्ध भए एक जना अपाङ्गता भएका व्यक्ति सदस्य रहने ।

(६) गाउँ शिक्षा अधिकृत तथा सम्बन्धित विद्यालय सुपरीवेक्षकलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा भाग लिन आमन्त्रण गर्न सकिनेछ ।

(७) विद्यालय व्यवस्थापन समितिको कार्यअवधि तीन वर्षको हुनेछ र यो ऐन प्रारम्भ भएको मितिले छ महिनाभित्र समिति गठन गरिसक्नु पर्नेछ ।

(८) व्यवस्थापन समितिको म्याद समाप्त हुनु भन्दा कम्तीमा एक महिना अगावै नयाँ व्यवस्थापन समितिको गठन प्रक्रिया अगाडि बढाउनु पर्ने छ । गठन हुन नसकेमा गाउँशिक्षा समितिले अस्थायी समिति गठन गर्न वा तोक्न सक्नेछ ।

(९) व्यवस्थापन समिति गठन सम्बन्धी व्यवस्था ।

(क) उपदफा १ (क) वमोजिमका सदस्यहरूको चयन अभिभावकहरूको सर्वसम्मतवाट वा सर्वसम्मत हुन नसके निर्वाचन प्रक्रियाबाट गरिनेछ ।

(१०) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

(क) विद्यालयको संस्थापक वा चन्दादाताहरू मध्येबाट सम्बन्धित विद्यालयको सिफारिसमा वडा शिक्षा समितिबाट मनोनित भएका व्यक्ति -अध्यक्ष

(ख) स्थानीय शिक्षाप्रेमी वा समाजसेवीहरू मध्येबाट गाउँशिक्षा समितिले मनोनित गरेको कम्तीमा एकजना महिला सहित दुईजना -सदस्य

(ग) सम्बन्धित विद्यालयको शिक्षकहरूले आफूहरू मध्येबाट छानी पठाएको एकजना शिक्षक प्रतिनिधि -सदस्य

(घ) सम्बन्धित वडाका जनप्रतिनिधिहरू मध्येबाट वडा समितिले मनोनयन गरेको एक जना -सदस्य

(ङ) अभिभावकहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको -सदस्य

(च) विद्यालयको प्रधानाध्यापक -सदस्य सचिव

(११) मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन बर्षको हुने छ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण गरेको नदेखिएमा वडा शिक्षा समितिले निजलाई जुन सुकै बखत पदबाट हटाउन सक्नेछ तर त्यसरी पदबाट हटाउनु अगाडि वा समिति बिगठन हुनु अगाडि आफ्नो सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(१२) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) विद्यालय सञ्चालनका लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने ।

(ख) विद्यालयको चल,अचल सम्पत्तिको लगत राख्ने,राख्न लगाउने र सोको सुरक्षा गर्ने ।

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क विवरण अध्यावधिक गराई राख्ने।

(घ) विद्यालयको बार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी गाउँपालिकालाई गराउने ।

(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक, वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने ।

(च) विद्यालयको व्यवस्थापकीय पक्षलाई व्यवस्थित गर्ने गराउने ।

(छ) शिक्षक सेवा आयोगबाट सिफारिस भएका, करारमा नियुक्ति भएका र सरूवा भएका शिक्षकहरूलाई हाजिरी गराउन तथा रमानाको व्यवस्था गर्ने ।

(ज) गाउँपालिकाले तोकेको लेखापरीक्षकबाट विद्यालयको बार्षिक लेखापरीक्षण गराउने ।

(झ) लेखापरीक्षकको प्रतिवेदनगाउँ शिक्षा समितिमा पेश गर्ने ।

(ञ) तोकिए बमोजिमको क्षेत्रसँग सम्बन्धित गाउँपालिका र गाउँ शिक्षा समितिले दिएको निर्देशनहरूको पालना गर्ने ।

(ट) तोकिए बमोजिम दरबन्दीका शिक्षक तथा कर्मचारीहरूले पदीय आचरण अनुसारको कार्यसम्पादन नगरेमा विभागीय कारबाही गर्ने ।

(ठ) विद्यालयको आन्तरिक स्रोतबाट खर्च ब्यहोर्ने गरी नियुक्ति वा बढुवा गरेका शिक्षकको लागि सेवा सर्त र सुबिधा तोक्ने र तोकिए बमोजिमको पारिश्रमिक तथा सुबिधाको व्यवस्था गर्ने ।

(ड) अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(१३) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र श्रोतको परिचालन गर्ने ।

(ख) विद्यालयको लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने ।

(ग) विद्यालयको चल अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने ।

(घ) विद्यालयमा नेपाल सरकारबाट तोके बमोजिमको पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्य रूपमा लागू गर्ने ।

(ङ) प्रचलित कानून बमोजिम शिक्षक पदको लागि उमेद्वार हुन योग्यता पूरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने ।

(च) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने ।

(छ) नेपाल सरकारले तोकेको न्यूनतम तलब स्केलमा नघटाई शिक्षकलाई तलब दिलाउन पहल गर्ने ।

(ज) पदीय आचरण अनुसार कार्य सम्पादन नगर्ने शिक्षक तथा कर्मचारी उपर कानूनी कारबाही गर्ने ।

(झ) प्रचलित कानूनमा उल्लेखित व्यवस्थाका अतिरिक्त गाउँपालिकाबाट जारी शिक्षा क्षेत्रसँग सम्बन्धित सबै नीति नियम तथा निर्देशनहरूको पालना गर्ने गराउने ।

(१४) विद्यालय व्यवस्थापन समितिको अन्य काम, कर्तब्य, अधिकार र बैठक सम्बन्धी कार्यबिधि तोकिए बमोजिम हुनेछ ।

(१५) शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२२. <u>विद्यालय व्यवस्थापन समिति बिगठन गर्न सकिने</u> :**

(१) कुनै विद्यालयको व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेको निष्कर्ष वडा शिक्षा समिति तथा गाउँ शिक्षा समितिले निकाली सिफारिस गरेमा सोको कारण खुलाई गाउँपालिकाले त्यस्तो विद्यालय व्यवस्थापन समिति तोकिएको प्रक्रिया पुऱ्याई बिगठन गर्न सक्नेछ तर त्यसरी बिगठन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाइ पेश गर्ने मौका दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम बिगठन भएपछि वा समयावधि पूरा भएर विद्यालय व्यवस्थापन समिति पुनर्गठन गर्नु पर्ने अवस्थामा समस्या भएमा विद्यालय व्यवस्थापन समिति गठन सहयोग तथा सहजीकरण समिति देहाय बमोजिमको गठन गरिनेछ ।

(क) गाउँ शिक्षा अधिकृत वा गाउँ शिक्षा अधिकृतको जिम्मा पाएको व्यक्ति -संयोजक

(ख) विद्यालय रहेको सम्बन्धित वडाको वडाध्यक्ष वा वडाध्यक्षले तोकेको वडा सदस्य एकजना -सदस्य

(ग) सम्बन्धित विद्यालयका प्रधानाध्यपक -सदस्य सचिव

(३) विद्यालय व्यवस्थापन समिति गठन सहयोग तथा सहजीकरण समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**२३. <u>वडा शिक्षा समिति</u> :**

(१) गाउँपालिकाको वडास्तरमा देहाय बमोजिमको वडा शिक्षा समिति गठन हुनेछ :

(क) सम्बन्धित वडा अध्यक्ष वा वडाध्यक्षको जिम्मेवारी पाउने व्यक्ति -अध्यक्ष

(ख) वडा समितिका सदस्यहरू मध्येबाट वडा समितिको बैठकले तोकेको एकजना -सदस्य

(ग) वडाभित्रको विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू मध्येबाट वडा शिक्षा समितिले तोकेको एकजना - सदस्य

(ङ) वडाभित्रको विद्यालयका प्रधानाध्यापक मध्येबाट वडा समितिले तोकेको एकजना -सदस्य

(ङ) शिक्षकहरू मध्येबाट वडा समितिले तोकेका कम्तीमा एक महिला सहित दुईजना -सदस्य

(च) वडाभित्रका शिक्षा प्रेमीहरू मध्येबाट वडा शिक्षा समितिले तोकेको कम्तीमा एकजना महिला सहित दुईजना -सदस्य

(छ) उच्चतम् विद्यालयको प्रधानाध्यापक -सदस्य सचिव

(२) आवश्यकता अनुसार वडा शिक्षा समितिको बैठकमा गाउँ शिक्षा अधिकृतलाई आमन्त्रण गर्न सकिनेछ।

(३) वडा शिक्षा समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

## परिच्छेद चार

## कोष सम्बन्धी व्यवस्था

**२४. गाउँ शिक्षा विकास कोष :**

(१) सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकासमा सहयोग पुऱ्याउन तथा त्यस्ता विद्यालयमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्नको लागि गाउँपालिका स्तरमा एक गाउँ शिक्षा वकास कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय वमोजिमका रकमहरू रहने छन्।

(क) संघीय सरकारबाट प्राप्त अनुदान रकम।

(ख) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम।

(ग) गाउँपालिकाबाट प्राप्त अनुदान रकम।

(घ) संस्थागत विद्यालयबाट प्राप्त शिक्षा सेवा शुल्क वापतको रकम।

(ङ) चन्दा, दान वकस आदिवाट प्राप्त रकम।

(च) शुल्क तथा अन्य जुनसुकै स्रोतबाट प्राप्त रकम।

**२५. विद्यालय कोष :**

(१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहाय बमोजिमको स्रोतबाट प्राप्त रकमहरू रहनेछन्।

(क) संघीय सरकार, प्रादेशिक सरकार र गाउँपालिकाबाट प्राप्त रकम।

(ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम।

(ग) चन्दा वा दान दातब्यबाट प्राप्त रकम।

(घ) अन्य जनसुकै स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र लेखा परीक्षण तथा सामाजिक परीक्षण तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद पाँच

## निर्देशन, वर्गीकरण

**२६. गाउँपालिकाबाट निर्देशन दिन सक्ने :**

(१) गाउँपालिकाले तोकिएको क्षेत्रसँग सम्बन्धित आवश्यक निर्देशनहरू विद्यालय व्यवस्थापन समितिलाई दिन सक्नेछ ।

(२)उपदफा (१) बमोजिम दिएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

**२७. गाउँपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न वा दरवन्दी सिर्जना गर्न सक्ने :**

(१) वडा शिक्षा समितिको सिफारिस र गाउँ शिक्षा समितिको सिफारिसमा गाउँपालिकाले हाल सञ्चालन भइरहेका ३० मिनेटको हिडाइ दूरी नजिकमा रहेका,विद्यार्थी संख्या न्यून भएका कुनै विद्यालय (कक्षा १ देखि ५ सम्म कम्तीमा ३० जना, कक्षा १ देखि ८ सम्म कम्तीमा ५० जना, कक्षा १ देखि १० कक्षा सम्म कम्तीमा १५० जना, कक्षा १ देखि १२ कक्षा सम्म कम्तीमा २०० जना) लाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुई भन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालयको नाम परिवर्तन गर्न वा विद्यालय बन्द गर्न वा तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा विद्यालयमा कक्षा थपघट गरी सञ्चालन गर्न अनुमति वा स्वीकृति दिन सक्नेछ ।

(२) शैक्षिक उपलब्धि वृद्धि तथा गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि गाउँपालिकाले विद्यालयहरूमा थप दरवन्दी सिर्जना गरी आफ्नो स्रोतबाट तहगत रूपमा दरवन्दी व्यवस्थापन गर्न सक्नेछ ।

**२८. विद्यालयको सम्पत्ति :**

(१) सामुदायिक विद्यालयको हक भोगमा रहेको सम्पत्ति सार्बजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएका वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति गाउँपालिकाले अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा प्रचलित कानून बमोजिम अन्य प्रयोजनमा प्रयोग गर्न वा बेचबिखन गरी प्राप्त भएको रकम सम्बन्धित गाउँपालिका सञ्चित कोषमा जम्मा गर्नेछ ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ। कुनै विद्यालय सार्बजनिक शैक्षिक गुठीको रूपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्बजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरूप परिवर्तन गर्न पाईने छैन ।

(३) कम्पनी ऐन अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ।

(४) संस्थागत विद्यालयले कुनै वैदेशिक व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रूपमा कुनै किसिमको चल अचल सम्पत्ति प्राप्त गर्नु अघि स्थानीय सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ।

(५) स्थानीय सरकारको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति स्थानीय सरकारको विना स्वीकृति बेचबिखन गर्न वा हस्तान्तरण गर्न पाईने छैन ।

**२९. <u>विद्यालयलाई छुट र सुबिधा</u> :**

(१) प्रचलित कानूनमा जुन सुकै कुरा लेखिएको भए तापनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा राजश्व शुल्क लाग्ने छैन ।

(२) उपदफा (१) मा लेखिए देखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा संघीय सरकारले तोकिएको आधारमा रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुबिधा तोकिए बमोजिम हुनेछ ।

**३०. <u>अनुमति वा स्वीकृति रद्द गर्न सक्ने</u> :**

कुनै संस्थागत विद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बिपरीत अन्य कुनै काम गरेमा तोकिएको अधिकारीले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्नेछ तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

**३१. <u>विद्यालयको वर्गीकरण</u>** : विद्यालयलाई तोकिए बमोजिम बर्गीकरण गरिनेछ ।

**३२. <u>विद्यालयलाई सुरक्षित वा शान्ति क्षेत्रको रूपमा कायम गर्नु पर्ने</u> :**

(१) विद्यालयमा स्वतन्त्र र भय रहित रूपमा अध्ययन, अध्यापन गर्ने वातावरण सिर्जना गर्न तथा विद्यालयभित्र कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित र शान्ति क्षेत्र कायम गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सुरक्षित र शान्ति क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नु पर्ने सर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछ ।

**३३. छात्रामैत्री वातावरण व्यवस्थापन/सञ्चालनः** गाउँपालिका क्षेत्रभित्र सञ्चालित विद्यालयहरूमा छात्रामैत्री वातावरण निर्माणका लागि देहाय बमोजिम गाउँपालिका स्तरीय छात्रामैत्री वातावरण संयोजन समिति रहनेछ :

(१) गाउँपालिका उपाध्यक्ष वा उपाध्यक्षको जिम्मेवारी पाउने व्यक्ति -संयोजक

(२) सामुदायिक माध्यमिक विद्यालयमा कार्यरत महिला शिक्षकहरू मध्येबाट विद्यालयले छनौट गरेको लैङ्गिक सम्पर्क विन्दु शिक्षकहरू मध्ये गाउँपालिकाबाट मनोनित एकजना -सदस्य

(३) संस्थागत माध्यमिक विद्यालयमा कार्यरत महिला शिक्षकहरूमध्येबाट विद्यालयले छनौट गरेको लैङ्गिक सम्पर्क विन्दु शिक्षकहरू मध्ये गाउँपालिकाबाट मनोनित एकजना - सदस्य

(४) गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयका माध्यमिक तहका प्रधानाध्यापकहरू मध्येबाट गाउँपालिकाले मनोनित गरेको एकजना -सदस्य

(५) गाउँपालिका स्थित महिला अधिकारको क्षेत्रमा काम गर्ने संघसंस्थाहरू मध्येबाट गाउँपालिकाले मनोनित गरेको एकजना -सदस्य

(६) गाउँपालिका क्षेत्रभित्र कार्यरत महिला स्वास्थ्य कर्मीहरू मध्येबाट गाउँपालिकाले मनोनित गरेको एकजना -सदस्य

(७) गाउँपालिकाभित्रका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू मध्येबाट गाउँपालिकाले मनोनित गरेको एकजना -सदस्य

(८) सम्बन्धित वडा समितिले सिफारिस गरेका दलित वा महिला सदस्य मध्ये गाउँपालिकालेमनोनित गरेको एकजना -सदस्य

(९) गाउँपालिकाको शिक्षा शाखाको प्रमुख वा अधिकृत स्तरको कर्मचारी -सदस्य सचिब

**३४. शिक्षक अभिभावक संघ सम्बन्धी व्यवस्था :**

(१) सामदायिक विद्यालयमा शिक्षक तथा अभिभावकहरू सदस्य रहेको एक शिक्षक-अभिभावक संघ रहनेछ ।

(२) विद्यालय व्यवस्थापन समितिले अभिभावकहरूको भेला गराई अभिभावकहरू मध्येबाट एक जना अध्यक्ष छानी अन्य अभिभावकहरूलाई सदस्य र एक शिक्षक प्रतिनिधिलाई सदस्य सचिव राखी बढीमा ११ जना सदस्य शिक्षक-अभिभावक संधको कार्यकारी समिति गठन गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम गठित कार्यकारी समितिको पदावधी दुई वर्षको हुनेछ ।

(४) उपनियम (२) बमोजिम गठित कार्यकारी समितिको काम कर्तव्य तोकिए बमोजिम हुनेछ ।

(५) संस्थागत विद्यालको व्यवस्थापन समितिले यस ऐन बमोजिम शिक्षक-अभिभावक संघको कार्यकारी समिति गठन गर्नु पर्नेछ ।

**३५. विद्यालयले सामाजिक परीक्षण गर्नु पर्ने** : सामुदायिक विद्यालयको काम कारवाही ऐन तथा नियमावली बमोजिम भए नभएको सम्बन्धमा प्रत्येक वर्ष मूल्याङ्कन गर्न प्रत्येक विद्यालयले सामाजिक परीक्षण गर्नु पर्छ । विद्यालयले सामाजिक परीक्षण गर्न देहाय बमोजिमको एक सामाजिक परीक्षण समिति रहनेछ :

(१) शिक्षक अभिभावक संघको अध्यक्ष -संयोजक

(२) अध्ययनरत विद्यार्थीका अभिभावकहरू मध्येबाट कम्तीमा एकजना महिला सहित शिक्षक अभिभावक संघले तोकेको दुईजना -सदस्य

(३) सम्बन्धित वडाको वडाध्यक्ष वा निजले तोकेको वडासमितिको सदस्य एकजना -सदस्य

(४) सम्बन्धित विद्यालयको बाल क्लब वा उच्चतम कक्षाका छात्र छात्रा प्रतिनिधि दुईजना -सदस्य

(५) प्रधानाध्यापकले तोकेको विद्यालयको शिक्षक -सदस्य सचिव

## परिच्छेद छ

## शुल्क सम्बन्धी व्यवस्था

**३६. शुल्क सम्बन्धी व्यवस्था :**

(१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अभिभावकले आफ्नो स्वइच्छाले दिएको दान, उपहार, चन्दा वा सहयोग सामुदायिक विद्यालयले लिन सक्नेछ ।

(३) सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नको लागि गाउँपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ ।

(४)उपदफा (१) बमोजिम निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका बाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ ।

(६) विद्यालयको भौतिक संरचना निर्माण गर्नको लागि विद्यालयले विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(७) संस्थागत विदय्ालयले विद्यार्थीसँग लिन पाउने शुल्क गाउँ शिक्षा समितिबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ । त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिँदा गाउँ शिक्षा समितिले विद्यालयबाट उपलब्ध गराएको सुबिधाको आधारमा दिनेछ ।

(८) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा गाउँ शिक्षा समितिले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ ।

(९) यस ऐन विपरीत शुल्क लिने विद्ालयलाई तोकिएको अधिकारीले उठाइएको शुल्कको ५ गुणा जरिवाना गर्न सक्नेछ ।

(१०) संस्थागत विद्यालयले शिक्षा सेवा शुल्क वापत देहाय वमोजिमको रकम वार्षिक रूपमा गाउँ शिक्षा विकास कोषमा वुझाउनु पर्नेछ ।

(क) कक्षा एकदेखि तीनसम्म स्वीकृत प्राप्त विद्यालयले ३ प्रतिशत ।

(ख) कक्षा एकदेखि पाँचसम्म स्वीकृत प्राप्त विद्यालयले ५ प्रतिशत ।

(ग) कक्षा एकदेखि आठसम्म स्वीकृत प्राप्त विद्यालयले ७ प्रतिशत ।

(घ) कक्षा एकदेखि बाह्रसम्म स्वीकृत प्राप्त विद्यालयले १० प्रतिशत ।

## परिच्छेद सात

## शिक्षक महासंघ र पदीय आचरण

३७. **शिक्षक महासंघ, शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्था :**

(१) सामुदायिक विद्यालयका शिक्षकहरूको पेशागत हक हितको सम्बन्धमा कार्य गर्न गाउँ क्षेत्रभित्र तोकिए बमोजिम एक शिक्षक महासंघ गठन गर्न सकिनेछ ।

(२) शिक्षक तथा कर्मचारीहरूको पदीय आचरण तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३८. **स्थायी आवासीय अनुमति लिन नहुने** : सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीले कुनै पनि देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिन हुँदैन । स्थायी आवासीय अनुमति लिएको तथा लिन आवेदन दिने शिक्षक वा कर्मचारीहरूलाई तोकिए बमोजिम सजाय हुनेछ ।

## परिच्छेद आठ

## नियुक्ती, योग्यता, तालिम, सरूवा, दरवन्दी मिलान

३९. **शिक्षक नियुक्ती, योग्यता, तालिम, सरूवा, दरवन्दी मिलान सम्बन्धी व्यवस्थाः**

(१) रिक्त शिक्षक तथा कर्मचारीको पदमा करार नियुक्ति गर्ने प्रक्रिया देहाय बमोजिम हुनेछ ।

(क) यो ऐनजारी भएको एक महिनाभित्र गाउँपालिका क्षेत्रका सबै आधारभूत तथा माध्यमिक विद्यालयहरूले रिक्त रहेका शिक्षक र कर्मचारीहरूको विवरण गाउँपालिकाको शिक्षा शाखामा पठाउनु पर्नेछ ।

(ख) खण्ड (क) बमोजिम विवरण प्राप्त भएपछि गाउँपालिकाले रिक्त शिक्षक तथा कर्मचारीको पद करारद्वारा पूर्ति गर्न गाउँपालिकाले कम्तीमा स्थानीय स्तरको पत्रपत्रिकाको माध्यमबाट विज्ञापन गराउनु पर्नेछ । जसको लागि देहाय बमोजिमको करार शिक्षक तथा कर्मचारी छनौट समिति रहनेछ ।

(अ) संयोजक : प्रमुख प्रशासकीय अधिकृत

(आ) सदस्य : गाउँ शिक्षा समितिले तोकेको माध्यमिक शिक्षक एक जना

(इ) सदस्य सचिव : शिक्षा शाखा प्रमुख

(ग) गाउँ शिक्षा समितिले विषयविज्ञ सुचीकृत गर्नु पर्नेछ ।

(घ) विषय विशेषज्ञका लागि स्थायी सेवा अवधि कम्तीमा १० वर्ष पुगेको, शिक्षा सङ्कायमा कम्तीमा स्नातक उतीर्ण गरेको गाउँपालिका क्षेत्रभित्र कार्यरत शिक्षकहरू मध्येबाट विषय विशेषज्ञ सुचीकृत गरिनेछ । तर यस खण्ड बमोजिम विषय विशेषज्ञ उपलब्ध नभएर सुचीकृत नभएको अवस्थामा योग्यता पुगेका करार शिक्षकलाई पद पूर्ति समितिले विषयविज्ञको रूपमा नियुक्त गरी करार शिक्षक तथा कर्मचारी छनौट गर्न बाधा पर्ने छैन ।

(ङ) खण्ड (घ) अनुसारका विषय विषेशज्ञहरूलाई पद पूर्ति समितिको आमन्त्रणमा आधारभूत(१-५) तथा अन्य कर्मचारीका लागि दुईजना र माथिल्लो तहका लागि विषयगत रूपमा दुई-दुईजना सहभागी गराई परीक्षा सञ्चालन गरिनेछ ।

(च) खण्ड (घ) अनुसारका विषय विषेशज्ञहरू सिलीचोङ गाउँपालिकामा उपलब्ध नभएमा नजिकको स्थानीय तहबाट विषय विषेशज्ञहरू आमन्त्रण गरी परीक्षा सञ्चालन गर्न सकिनेछ ।

(छ) खण्ड (ख) बमोजिम विज्ञापन गर्दा परीक्षाको विधि एवं प्रक्रियाहरू स्पष्ट खुलाउनु पर्नेछ ।

(ज) परीक्षामा भाग लिन चाहने उम्मेद्वारले गाउँपालिकाबाट निर्धारित दरखास्त फारम भरी तोकेको परीक्षा दस्तुर दाखिला गरेको निस्सा सहित विज्ञापनमा तोकिएको अवधिभित्र तोकिएको स्थानमा दरखास्त फारम बुझाउनु पर्नेछ ।

(झ) खण्ड (ङ) बमोजिम पर्न आएका दरखास्त फारमहरू छानविन गर्दा रित पुगेको देखिएमा सम्बन्धित उम्मेद्वारलाई परीक्षा प्रवेश पत्र उपलब्ध गराइने छ र स्वीकृत नामावलीको सूचना टाँस गरिनेछ ।

(ञ) यस ऐन बमोजिम लिने परीक्षा शिक्षक छनौट समितिले तोकेको मिति समय र केन्द्रमा सञ्चालन हुनेछ

(ट) शिक्षक तथा कर्मचारी पदका लागि लिइने परीक्षाको पाठ्यक्रम, परीक्षा प्रणाली र मूल्याङ्कन प्रक्रिया शिक्षक सेवा आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) उपदफा (१) अनुसार परीक्षा सञ्चालन गर्न समय लाग्ने अवस्थामा, विद्यालयमा पठनपाठन तथा विविध कारणले तत्कालै विद्यालयले पदपूर्ती गर्नु परेमा गाउँ पालिकाको कार्यालयबाट अनुमति लिई पदपूर्ती समितिले गर्ने सम्पूर्ण प्रक्रिया पूरा गरी पदपूर्ती समितिको रहोबरमा विद्यालय व्यवस्थापन समितिले परीक्षा सञ्चालन गर्न सक्नेछ तर पदपूर्ती कार्यमा हुने सम्पूर्ण खर्च सम्बन्धित विद्यालयले व्यहोर्नु पर्नेछ र पदपूर्ती प्रक्रियामा कुनै प्रकारको त्रुटी तथा अनियमिता भएमा सोको जिम्मेवार विद्यालय व्यवस्थापन समिति नै हुनेछ ।

४०. **शैक्षिक योग्यता र तालिम व्यवस्थाः**

(१) सामुदायिक विद्यालयमा शिक्षक हुन देहाय बमोजिमका शैक्षिक योग्यता हुनु पर्नेछ ।

(क)आधारभूत विद्यालयका शिक्षकको लागि प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा कम्तीमा दश महिने वा सो सरहको तालिम लिएको ।

(ख) माध्यमिक विद्यालयको शिक्षकको लागि सम्बन्धित विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरी शिक्षा विषयमा कम्तीमा दश महिने तालिम लिएको ।

(ग) कुनै व्यक्तिले शिक्षा शास्त्रतर्फ उल्लेखित योग्यता प्राप्त गरेको भए यस दफाको प्रयोजनका लागि तालिम लिएको मानिनेछ ।

(२) देहाय बमोजिमका व्यक्तिहरू शिक्षक पदमा उम्मेद्वार हुनका लागि योग्य हुनेछन् ।

(क) नेपाली नागरिक

(ख) अठार वर्ष उमेर पूरा भएका र चालीस वर्ष उमेर ननाघेका

(ग) मानसिक रूपमा स्वस्थ रहेका

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएका

(ङ) भविष्यमा सरकारी नोकरी वा शिक्षक सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बरखास्त नभएका

(च) अध्यापन अनुमति पत्र लिएका

(छ) सम्बन्धित तह र विषयका लागि आवश्यक शैक्षिक योग्यता भएका र तालिम लिएका ।

(३) करार शिक्षक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४१. शिक्षक विद्यार्थीको अनुपात मिलाउनुपर्ने** : गाउँपालिकाले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयको आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नु पर्नेछ ।

**४२. शिक्षकलाई अन्य काममा लगाउन नहुने** :

(१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धी एवं शैक्षिक समन्वयका काममा बाहेक अन्य काममा लगाउनु हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठनपाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जागरण, निर्बाचन सम्बन्धी काम, दैवी प्रकोप उद्धार वा संघीय सरकार, प्रदेश सरकार र गाउँपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

**४३. अदालतको आदेशबाट पुनः बहाली हुन सक्ने :**

(१)दफा ३६ मा उल्लेखित भएका कुनै वा केही आरोपमा सजाय भई सेवाबाट हटाइएको वा बर्खास्त भएका शिक्षक/कर्मचारी अदालतको आदेशबाट सफाइ पाएमा सेवामा पुनः बहाली हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनःबहाली भएको शिक्षकले सेवाबाट हटेदेखि पुनःबहाली भएको मितिसम्मको पूरा तलब, भत्ता र तलब बृद्धि समेत पाउनेछ ।

**४४. शिक्षक तथा कर्मचारीको सरूवा :**

(१) गाउँपालिकाभित्रका विद्यालयमा कार्यरत शिक्षकहरूले सरूवा हुन चाहेमा सम्बन्धित दुवै विद्यालयको वि.व्य.स को निर्णय सहित निवेदन दिएमा गाउँ शिक्षा समितिको सिफारिसमा गाउँपालिकाले सरूवा गर्न सक्नेछ ।

(२) सरूवा सम्बन्धी अन्य व्यवस्था संघ तथा प्रदेश कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

**४५. शिक्षकको दरबन्दी मिलानः**

(१) बढी दरबन्दी भएको विद्यालयबाट कम दरबन्दी भएको विद्यालयमा गाउँपालिकाले तोकिएको प्रक्रिया पूरा गरी दरवन्दी सार्न र गाउँपालिकाभित्र रहेका विद्यालयहरूको विद्यार्थी संख्याको अनुपातमा दरवन्दी मिलान गाउँ शिक्षा समितिको सिफारिसमा गाउँपालिकाले गर्न सक्नेछ ।

(२) उपदफा (१) वमोजिम दरवन्दी मिलान देहाय अनुसार गर्न सक्नेछ ।

(क) कक्षा ३ सम्म सञ्चालित विद्यालयमा विद्यार्थी संख्या १० जनासम्म भएमा १ जना

(ख) कक्षा ३ सम्म सञ्चालित विद्यालयमा विद्यार्थी संख्या ५० जनासम्म भएमा २ जना

(ग) कक्षा ३ सम्म सञ्चालित विद्यालयमा विद्यार्थी संख्या ५० माथि भएमा ३ जनासम्म कक्षा ५ सम्म सञ्चालित विद्यालयमा विद्यार्थी संख्या ३० जनासम्म भएमा ३ जना

(घ) कक्षा ५ सम्म सञ्चालित विद्यालयमा विद्यार्थी संख्या ३० जना भन्दा माथि ७० जनासम्म भएमा ४ जना

(ङ) कक्षा ५ सम्म सञ्चालित विद्यालयमा विद्यार्थी संख्या ७० जनाभन्दा माथि भएमा ५ जना

(च) कक्षा ६ देखि कक्षा १२ सम्म पठनपाठनका विषयगत दरबन्दी तथा प्राविधिक शिक्षाको दरवन्दी मिलान संघ तथा प्रदेश कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

४६. **तलव भत्ता नपाउने तथा सेवा अवधि गणना नहुने अवस्था** : दफा ४१ को उपदफा (२) मा उल्लेखित अवस्थामा वा काबु बाहिरको परिस्थतिमा बाहेक नियमानुसार बिदा स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेका शिक्षक वा कर्मचारीले अनुपस्थित अवधिको तलब, भत्ता पाउने छैनन् र त्यस्तो अवधि निजको सेवामा समेत गणना हुने छैन ।

४७. **प्रधानाध्यापक, शिक्षक तथा कर्मचारी सम्बन्धी व्यवस्था** :

(१) सामुदायिक विद्यालयमा एक प्रधानाध्यापक र आवश्यक संख्यामा शिक्षक, कर्मचारीको दरबन्दी रहनेछ ।

(२) प्रधानाध्यापक सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः

(क) प्रत्येक विद्यालयमा विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रूपमा काम गर्न स्वीकृत दरबन्दीमा नबढ्ने गरी एक जना प्रधानाध्यापक रहनेछ ।

(ख) आधारभूत तहको कक्षा पाँचसम्मको विद्यालय भए कम्तीमा बाह्र कक्षा वा सो सरह उत्तीर्ण गरेको आधारुत तहको स्थायी शिक्षक हुनु पर्नेछ (प्रा.शि.),आधारभूत तहको (कक्षा १ देखि ८) विद्यालय भए कम्तीमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको नि. मा. तहको स्थायी शिक्षक र माध्यमिक तहको विद्यालय भए कम्तीमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको मा. वि. तहको स्थायी शिक्षक हुनु पर्नेछ । विद्यालयमा कम्तीमा ५ वर्ष शिक्षण अनुभव भएको, संघीय ऐन तथा सो ऐन अन्तर्गत बनेको नियमावली बमोजिम शिक्षक बन्ने योग्यता भएको तथा विद्यालय व्यवस्थापन समितिले सिफारिस गरेको कम्तीमा तीनजना व्यक्ति मध्येबाट गाउँ शिक्षा समितिको निर्णय बमोजिम एकजनालाई दुई वर्षको लागि सामुदायिक विद्यालयको प्रधानाध्यापक पदमा प्रमुख प्रशासकीय अधिकृतले नियुक्ति गर्नेछ ।

तर, माथि उल्लेखित योग्यता पुगेको कुनै पनि शिक्षक उपलब्ध नभएको अवस्थामा उपलब्ध भएका शिक्षकहरू मध्यबाट माथिल्लो तहको अन्य शिक्षकलाई प्रधानाध्यापक तोक्न बाधा पर्ने छैन ।

(ग) प्रधानाध्यापकको अनुपस्थितिमा विद्यालयको दैनिक प्रशासनिक कामकाज सञ्चालन गर्न माध्यमिक विद्यालयमा सहायक प्रधानाध्यापकको व्यवस्था गर्नुपर्नेछ ।

(घ) प्रधानाध्यापक तथा सहायक प्रधानाध्यापकको सेवासुविधा तोकिए बमोजिम हुनेछ ।

(ङ) उपदफा (२) (ख) बमोजिम प्रधानाध्यापकको पदमा नियुक्ति हुनु पूर्व निजले दुई वर्षको विद्यालय विकास प्रस्ताब पेश गर्नु पर्नेछ ।

(च) कार्य सम्पादन मूल्याङ्कनका आधारमा प्रधानाध्यापकको कार्यकाल थप गर्न सकिनेछ ।

(छ) उपदफा (२) (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा सामुदायिक विद्यालयको प्रधानाध्यापकलाई गाउँ शिक्षा समितिको सिफारिसमा गाउँकार्यपालिकाले जुनसुकै बखत हटाउन सक्ने छ ।

(अ) निजको आचरण खराब रहेमा,

(आ) ऐन तथा नियमावली विपरितको कुनै काम गरेमा,

(इ) निजले कार्यसम्पादन सम्झौता बमोजिम काम गर्न नसकेमा वा निजको काम सन्तोषजनक नभएमा

(ई) विद्यालयको चल अचल सम्पत्ति हिनामिना गरेमा

(ज) सामुदायिक विद्यालयको कुनै प्रधानाध्यापकलाई उपदफा (२) को खण्ड (छ) का आधारमा पदबाट हटाउनु पर्ने भएमा शिक्षा अधिकृतले त्यस्ता आधार विद्यमान भए नभएको सम्बन्धमा जाँचबुझ गरी गराई प्रतिवेदन लिनेछ र त्यस्तो प्रतिवेदनबाट प्रधानाध्यापकलाई हटाउनुपर्ने देखिएमा पदबाट हटाउन गाउँ कार्यपालिका समक्ष राय सहित पेश गर्नु पर्नेछ ।

(झ) उपदफा (२) खण्ड (छ) मा जुनसुकै कुरा लेखिएको भएता पनि सो उप-नियम बमोजिम प्रधानाध्यापकलाई पदबाट हटाउनु अघि निजलाई सफाइ पेस गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

(ञ) बहालवाला शिक्षक मध्येबाट छनौट भएको प्रधानाध्यापकलाई उपदफा (२) खण्ड (छ) बमोजिमका आधारमा हटाएको अवस्थामा निजलाई तोकिए बमोजिम विभागीय कार्यवाही समेत गरिनेछ ।

(ट) सामुदायिक विद्यालयको प्रधानाध्यापक तथा सहायक प्रधानाध्यापक विदामा बसेमा वा कुनै कारणले दुवै पद रिक्त भएमा प्रधानाध्यापक उपस्थित नभएसम्म वा प्रधानाध्यापकको पद पूर्ति नभएसम्मका लागि सो विद्यालयमा कार्यरत शिक्षकहरू मध्ये माथिल्लो श्रेणीका बरिष्ठ शिक्षकले निमित्त प्रधानाध्यापक भई काम गर्नेछ । शिक्षकको बरिष्ठता निर्धारण गर्दा देहायका आधारमा गरिनेछ ।

(अ) सम्बन्धित तह र श्रेणीको सुरू नियुक्ति मितिको आधारमा

(आ) खण्ड (क) को आधारमा बरिष्ठता नछुट्टिएमा सो भन्दा तल्लो तह वा श्रेणीका नियुक्तिको आधारमा

(इ) खण्ड (क) र (ख) को आधारमा बरिष्ठता नछुट्टिएमा सम्बन्धित तह र श्रेणीमा नियुक्ति भई हाजिर भएको मितिको आधारमा

(ई) खण्ड (क), (ख) र (ग) को आधारमा पनि बरिष्ठता नछुट्टिएमा खण्ड (क) को सिफारिसको योग्यताक्रमको आधारमा तर खुला, कार्यक्षमता,आन्तरिक बढुवा एउटै मितिमा भए क्रमश : कार्यक्षमता, प्रतियोगिता र खुलाको क्रमलाई मान्यता दिइनेछ ।

(ठ) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि संस्थागत विद्यालयको व्यवस्थापन समितिले यस ऐन बमोजिम योग्यता पुगेको व्यक्तिलाई प्रधानाध्यापकको नियुक्ति गर्दा छुट्टै प्रक्रिया निर्धारण गरी नियुक्ति गर्न सक्नेछ ।

(ड) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि यो ऐन प्रारम्भ हुँदाको बखत कार्यरत प्रधानाध्यापक उपदफा (२) (ख) बमोजिम अर्को प्रधानाध्यापक नियुक्ति नभएसम्म त्यस्तो पदमा कायमै रहन सक्नेछ ।

(३) **प्रधानाध्यापकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

(क) विद्यालयमा शैक्षिक वातावरण, गुणस्तर र अनुशासन कायम राख्ने ।

(ख) विद्यालयका शिक्षक तथा कर्मचारीहरू सँग समन्वय गरी शिक्षक, कर्मचारी, विद्यार्थी र अभिभावक वीच पारस्परिक सहयोगको वातावरण सिर्जना गर्ने ।

(ग) विद्यालयमा अनुशासन, सच्चरित्रता, शिष्टता कायम राख्न आवश्यक काम गर्ने ।

(घ) शिक्षकहरू सँग परामर्श गरी विद्यालयमा कक्षा सञ्चालन सम्बन्धी कार्यक्रम तयार गर्ने तथा त्यस्तो कार्यक्रम बमोजिम कक्षा सञ्चालन भए नभएको निरीक्षण गर्ने ।

(ङ) विद्यालयमा सरसफाइ, अतिरिक्त क्रियाकलाप आदिको प्रबन्ध गर्ने ।

(च) विद्यालयको प्रशासनिक कार्यको सञ्चालन गराउने ।

(छ) विद्यालयमा विद्यार्थी भर्ना गर्ने तथा परीक्षा सञ्चालन गराउने ।

(ज) विद्यार्थीलाई स्थानान्तरण वा अन्य प्रमाणपत्र दिने ।

(झ) विद्यालयमा भए गरेका महत्वपूर्ण काम कार्यवाहीको अभिलेख राख्ने ।

(ञ) कुनै शिक्षक वा कर्मचारीले जानी जानी वा लापरवाही साथ कुनै काम गर्नाले विद्यालयलाई हानी नोक्सानी पर्न गएमा त्यस्तो हानी नोक्सानीको रकम तलबबाट कट्टा गरी असुल गर्ने ।

(ट) विद्यालयले आफ्नै स्रोतमा नियुक्त गरेका शिक्षक वा कर्मचारीले पदीय जिम्मेवारी पूरा नगरेमा व्यवस्थापन समितिको सिफारिस बमोजिम अवकाश लगायतका अन्य विभागीय कार्यवाही गर्ने ।

(ठ) शिक्षक कर्मचारीलाई दिइएको सजायको अभिलेख राख्ने तथा त्यस्तो अभिलेख गाउँ शिक्षा अधिकृत तथा निरीक्षकले हेर्न चाहेमा देखाउने ।

(ड) शिक्षक तथा कर्मचारीहरूको आचरण र कार्य सम्पादन सम्बन्धी प्रतिबेदन शिक्षा शाखा तथा व्यवस्थापन समितिमा पेश गर्ने ।

(ढ) शिक्षक वा कर्मचारीलाई सजाय वा पुरस्कार दिने सम्बन्धमा व्यवस्थापन समिति तथा शिक्षा शाखामा सिफारिस गर्ने ।

(ण) गाउँकार्यपालिकाबाट नियुक्ति एवं पदस्थापन भई आएका शिक्षक तथा कर्मचारीलाई नियुक्ति दिई हाजिर गराई विषय र तह अनुसारको कक्षा शिक्षणमा खटाउने ।

(त) महिनामा कम्तीमा एकपटक शिक्षक तथा कर्मचारीको बैठक बोलाई विद्यालयको प्राज्ञिक, भौतिक र शैक्षिक प्रशासन सम्बन्धी विषयमा छलफल गरी त्यसको अभिलेख राख्ने ।

(थ) गाउँपालिकाबाट पूर्व स्वीकृति लिई अति आवश्यक भएका विषयमा विद्यालय व्यवस्थापन समितिको निर्णय गराई विद्यालयको स्रोतबाट तलब भत्ता खानेगरी शिक्षकको पद कायम गरी सो अनुसार पद स्वीकृति भएका विषयका शिक्षकको यस ऐनमा व्यवस्था भए बमोजिमको प्रक्रिया अपनाई पदपूर्ति गरी करारमा नियुक्ति गर्ने र यसरी नियुक्ति भएका शिक्षक तथा कर्मचारीहरूको तलब सम्बन्धी प्रतिबेदन पारित गर्न व्यवस्थापन समितिमा पेश गर्ने ।

(द) विद्यालय भवन तथा छात्रबासको हाताभित्र कुनै किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने ।

(ध) विद्यालयको प्रभावकारी सञ्चालनका लागि वार्षिक योजना बनाई व्यवस्थापन समितिबाट पारित गरी कार्यान्वयन गर्न, गराउन गाउँ शिक्षा समितिमा पेश गर्ने ।

(न) विद्यालयमा अध्ययन, अध्यापन सम्बन्धी मासिक, अर्ध बार्षिक, तथा वार्षिक कार्यक्रम बनाई कार्यान्वियन गर्ने, गराउने ।

(प) शिक्षक वा कर्मचारीलाई तालिममा पठाउन व्यवस्थापन समितिबाट अनुमोदन गराई गाउँ शिक्षा शाखामा पठाउने ।

(फ) विद्यालयमा संघीय, प्रदेश तथा स्थानीय सरकारबाट स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक लागू गर्ने ।

(ब) व्यवस्थापन समितिले दिएको निर्देशन तथा आफूले पाएको अधिकार बमोजिम रकम खर्च गर्ने र आय व्ययको हिसाब राख्ने तथा राख्न लगाउने र लेखापरीक्षण गराउने ।

(भ) विद्यालयमा सञ्चालन हुने आवधिक परीक्षा नियमित तथा मर्यादित ढङ्गबाट सञ्चालन गर्ने गराउने ।

(म) कुनै शिक्षकले अध्यापन गरेको विषयमा लगातार तीन वर्षसम्म पन्ध्र प्रतिशत भन्दा बढी विद्यार्थी असफल भएमा वा कुनै शिक्षकले लापरवाही वा अनुशासनहिन काम गरेमा त्यस्तो शिक्षकको दुई बर्षसम्म तलब रोक्का गर्ने ।

(य) विद्यालयमा नियम बमोजिमको कक्षा लिने तथा शिक्षकलाई लिन लगाउने ।

(र) स्वीकृत दरबन्दीमा कार्यरत शिक्षक तथा कर्मचारीको तलबी प्रतिवेदन पारित गर्न शिक्षा शाखामा पठाउने ।

(ल) विद्यालयका शिक्षक तथा कर्मचारीहरूको काम, कर्तव्य तोक्ने ।

(व) शिक्षा शाखा तथा व्यवस्थापन समितिले दिएका निर्देशन पालना गर्ने गराउने ।

(श) विद्यालयको शैक्षिक प्रगति सम्बन्धी विवरण तथा तथ्याङ्क मन्त्रालयद्वारा निर्धारित ढाँचा र समयभित्र निरीक्षकद्वारा प्रमाणित गराई गाउँ शिक्षा शाखामा पठाउने ।

(ष) विद्यालयले आफ्नो स्रोतबाट खर्च बेहोर्ने गरी नियुक्त भएका शिक्षकहरूको कार्य सम्पादन मूल्याङ्कन फारम भराई व्यवस्थापन समितिमा पेश गर्ने ।

(स) विद्यालयका शिक्षक तथा कर्मचारीबाट कट्टी गरेको सञ्चय कोष, नागरिक लगानी कोष, विमा, सामाजिक सुरक्षा कोषको रकम सम्बन्धित निकायमा पठाउन लगाउने।

(ह) व्यवस्थापन समितिबाट स्वीकृत खरिद योजना अनुसार मालसामान तथा सेवा खरिद गर्ने ।

(क्ष) प्रधानाध्यापक, स्थानीय तह, अभिभावक एवं विद्यार्थीप्रति जिम्मेवार हुनेछ । यसका लागिः

(अ) अभिभावक एवं विद्यार्थीको विचार सर्वेक्षण गर्ने ।

(आ) प्रचलित मापदण्डको पालना एवं गुणस्तरीय शिक्षाको लागि विद्यालय यवस्थापन समिति र प्रधानाध्यापकले शिक्षा अधिकृत सँग कार्यसम्पादन करार गरे बमोजिम प्रचलित मापदण्डको पालना एवं गुणस्तरीय शिक्षा प्रत्याभूत गर्नु पर्ने ।

(इ) विद्यालयको भौतिक क्षेत्रभित्रका टुहुरा, अलपत्र परेका र वेसहारा, विशेष अवस्था भएका तथा अति विपन्नतामा परी विद्यालय जान नसकेका वा विद्यालय छाडेका वालवालिकालाई छात्रवृत्ति वा विशेष व्यवस्था गरी निजका अभिभावक वा संरक्षकलाई सघाई वालवालिकालाई विद्यालयमा ल्याउनु प्रधानाध्यापकको जिम्मेवारी हुनेछ । विद्यार्थीलाई अपेक्षित शैक्षिक उपलब्धि हासिल हुने गरी सिकाउने र टिकाउने दायित्व प्रधानाध्यापक र शिक्षकहरूको हुनेछ ।

(४) माध्यमिक विद्यालयमा विद्यालय प्रशासन र व्यवस्थापन गर्न सहयोगका लागि कार्यरत शिक्षक मध्येबाट वरिष्ठ एवं योग्यताका आधारमा प्रधानाध्यपकले सिफारिस गरी विद्यालय व्यवस्थापन समितिको निर्णयले तोकेको व्यक्ति सहायक प्रधानाध्यापक रहनेछ ।

(५) **शिक्षक तथा कर्मचारीहरूको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

(क) आफुलाई खटाएको ठाउँमा गई तोकिएको काम गर्नु पर्ने

(ख) निर्धारित समयमा नियमित रूपले विद्यालयमा आए गएको समय जनाई हाजिर हुनु पर्ने र पहिले विदाको अनुमति नलिई विद्यालयमा अनुपस्थित हुनु नहुने

(ग) विद्यार्थीलाई योग्य नागरिक बनाउने उद्देश्य लिई अध्यपनलाई आफ्नो मुख्य लक्ष्य सम्झनु पर्ने

(घ) आज्ञकारिता, अनुशासन, सहयोग, सदाचार, सहानुभूति, धैर्य र सत्चरित्रलाई प्रोत्साहन दिनुपर्ने

(ङ) सामुदायिक विद्यालयका शिक्षकले विद्यालय व्यवस्थापन समिति र गाउँ शिक्षा समितिको स्वीकृती नलिई आफू बहाल रहेको विद्यालय बाहिर काम गर्न नहुने

(च) कुनै भाषा, सम्प्रदाय तथा धर्म विरोधी भावना शिक्षक तथा विद्यार्थी वर्गमा फैलाउन नहुने

(छ) शिक्षकहरूले पालन गर्नुपर्ने अन्य कामहरू प्रचलित कानून तथा तोकिए बमोजिम हुनेछ ।

(६) विद्यार्थीले पालन गर्नुपर्ने आचार संहिता तोकिए बममोजिम हुनेछ ।

(७) देहायको अवस्थामा शिक्षक वा कर्मचारीलाई विद्यालयको व्यवस्थापन समितिले पदबाट हटाउनका लागि गाउँपालिकामा सिफारिस गर्नेछ ।

(क) तोकिए बमोजिमको पदीय दायित्व पूरा नगरेमा ,

(ख) बिना सूचना लगातार पन्ध्र दिन भन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा ,

(ग) बारम्बार मादक पदार्थ सेवन गरी विद्यालयमा आएको कुरा प्रमाणित भएमा ,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै व्यवसायिक क्रियाकलाप गरेमा,

(च) शिक्षक वा कर्मचारी राजनैतिक दलको कार्यकारिणी सदस्य रहेको पाइएमा वा खुलेआम कुनै राजनैतिक दलको पक्षमा वा विपक्षमा बहस विमर्श वा वकालत गरेको प्रमाणित भएमा,

(छ) शिक्षक वा कर्मचारीले व्यवसायिक हकहितका नाममा अमुक राजनैतिक दलको मात्र हित वा बिरोधमा कार्य गर्ने संगठनका गतिविधिमा संलग्न भएमा,

(ज) भ्रष्टाचारजन्य अपराध गरेको प्रमाणित भएमा,

(८) उपदफा (७) मा उल्लेख गरिए बमोजिमका येथेष्ट प्रमाणहरू भई रहदा समेत विद्यालयको व्यवस्थापन समितिले पदबाट हटाउन गाउँपालिकामा सिफारिस नगरेको अवस्थामा गाउँपालिकाले ती प्रमाणहरू जुटाई पदबाट हटाउन सक्नेछ ।

(९) उपदफा (७) र (८) बमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु अघि मनासिव माफिकको स्पष्टीकरणको मौका प्रदान गरिनेछ ।

स्पष्टीकरण : यस खण्डको प्रयोजनको लागि “कार्यकारिणी समिति” भन्नाले राजनैतिक दलको विधान बमोजिम गठित केन्द्रीय स्तर, प्रदेश स्तर, जिल्ला स्तर वा स्थानीय स्तरका कार्यकारिणी समिति तथा पाटी सदस्यता समेतलाई सम्झनु पर्दछ ।

(१०) यो ऐन निर्माण हुनु पूर्व संघीय कानून बमोजिम नियुक्त भएका शिक्षक तथा कर्मचारीलाई नेपाल सरकारले दिइदै आएको सुबिधामा प्रचलित कानुन बमोजिम बाहेक कुनै किसिमको कटौती गरिने छैन तर यो व्यवस्थाले कानून बमोजिम दण्ड सजाय, र कारवाही गर्न बाधा पर्ने छैन ।

## परिच्छेद आठ

## विविध

**४८. शिक्षक तथा कर्मचारीको विदाः**

शिक्षक तथा कर्मचारीले पाउने विदा तथा अन्य सेवा सुविधा तोकिए बमोजिम हुनेछ ।

**४९. आधारभूत तह परीक्षाः**

आधारभूत तह (कक्षा ८) अन्तिम परीक्षाको सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**५०. विद्यार्थीलाई निष्कासन गर्न, शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुने :**

(१) कुनै पनि विद्यार्थीलाई विद्यालयबाट निष्काशन गर्न पाईने छैन ।

(२) विद्यालयमा अध्ययनरत कुनै पनि विद्यार्थीलाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइने छैन ।

**५१. शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्ष सञ्चालन :**

(१) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा ब्रिज कोर्ष भाषा शिक्षण कक्षा वा पूर्ब तयारी कक्षा वा बिदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्ब तयारी कक्षा वा बिदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति लिने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**५२. बालमैत्री आचार संहिताको पालना गर्नु पर्ने :**

गाउँपालिका क्षेत्रभित्र सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयहरूले शैक्षिक सत्र शुरूभएको पन्ध्र दिनभित्र बालमैत्री आचार संहिता निर्माण गरी विद्यालय व्यवस्थापन समितिबाट निर्णय गराई गाउँ शिक्षा समितिमा स्वीकृतिको लागि पेश गर्नु पर्नेछ । सो आचार संहितामा आवश्यकता अनुसार गाउँ शिक्षा समितिले थपघट गरी सम्बन्धित विद्यालयलाई पालना गर्न निर्देशन जारी गर्नेछ ।

**५३. <u>प्रगति विवरण बुझाउनु पर्ने</u> :**

विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमको ढाँचामा विवरण सहित प्रगति प्रतिवेदन शैक्षिकसत्र पूरा भएको एक महिनाभित्र गाउँपालिकाको कार्यालयमा बुझाउनु पर्नेछ ।

**५४. <u>दण्ड सजाय</u> :**

(१) कसैले विद्यालयको चल अचल सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई विद्यालय व्यवस्थापन समितिले हिनामिना गरेको बिगो असुल उपर गर्न सक्नेछ ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी प्रचलित कानुन बमोजिम सजाय हुनेछ ।

(क) प्रश्न पत्रको गोपनियता भङ्ग गरेमा ,

(ख) उत्तर पुस्तिका परीक्षण गर्दा लापरवाही वा गैर जिम्मेवारी पूर्वक कार्य गरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित काम गरेमा ,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरूको तर्फबाट परीक्षा दिएमा,

(च) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,

(छ) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा अन्य कुनै रकम लिएमा,

(ज) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्ब तयारी कक्षा सञ्चालन गरेमा,

(झ) अन्य कुनै कानून विपरीतको कार्य गरे गराएमा ।

(३) शिक्षक तथा कर्मचारीको दण्ड सजाय सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(४) देहायका अवस्थामा निजी स्रोतका शिक्षक बाहेक अन्य दरबन्दीका शिक्षकलाई पठनपाठनमा बाधा नपर्ने गरी गाउँपालिकाले गाउँपालिकाको क्षेत्र भरी सरूवा गर्न सक्ने छ ।

(क) विद्यार्थीहरूबाट कुनै शिक्षक उपर व्यापक गुनासो आएमा,

मिलनगाउँपालिका

(ख) स्थानीय शिक्षक भएकै कारण कार्यसम्पादनमा कमी कमजोरी भएको ठहर विद्यालय व्यवस्थापन समितिले गरेमा ,

(ग) स्थानीय शिक्षक भएकै कारण बानी व्यवहार, आचरण, कुलत तथा नैतिक पतन देखिने क्रियाकलाप सम्बन्धी विवाद सिर्जना भएमा ,

(५) कुनै शिक्षक, कर्मचारी बिना सूचना विद्यालयमा पन्ध्र दिनसम्म बसेमा उक्त अवधिको तलव कट्टा गरी राजस्वमा दाखिला गरिनेछ, सो अवधिलाई सेवा अवधिमा गणना गरिने छैन ।

**५५. पुनरावेदन :**

गाउँपालिका तथा सम्बन्धित निकायले गरेको सजायको आदेश उपर कानून बमोजिम जिल्ला अदालतमा पैतीस दिनभित्र पुनरावेदन लाग्नेछ ।

**५६. नियम बनाउने अधिकार :**

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँपालिकाले आवश्यक नियम निर्देशिका तथा कार्यविधि बनाई लागु गर्न सक्नेछ ।

**५७. संक्रमणकालीन व्यवस्था :**

(१) यस ऐनमा तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली, निर्देशिका तथा कार्यविधि नआउँदासम्म गाउँ कार्यपालिकाको निर्णयले गर्न सकिनेछ ।

(२) यो ऐन जारी हुनुभन्दा अघि गाउँ शिक्षा समितिको नाममा भए गरेका काम कार्यवाही यसै ऐन वमोजिम भएको मानिनेछ ।

**५८. बाधा अड्काउ फुकाउने अधिकार :**

यो ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा गाउँ कार्यपालिकाको निर्णयले त्यस्तो बाधा अड्काउ फुकाउ आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश ऐन सरह मानिनेछ । त्यस्तो आदेश नभएमा वा आदेश भएता पनि सो आदश पर्याप्त नभएमा अन्य प्रचलित नेपाल कानून बमोजिम कार्यान्वयन गर्न सकिनेछ ।

**५९. खारेजी र बचाउ :**

(१) यो ऐन वा यस ऐन अन्तरगत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले भ्रष्टचार निवारण ऐन, २०१७ अन्तर्गतको कसुरमा कारबाही चलाउन बाधा पर्ने छैन ।

(३) यस ऐनमा उल्लेखित कुनै दफा उपदफा तथा प्रावधानहरू नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को कुनै कुरासँग बाझिएमा बाझिएको हदसम्म स्वत खारेज हुनेछ ।

..................

आज्ञाले,

**नामः रामराज पौडेल**

प्रमुख प्रशासकीय अधिकृत

सिलीचोङ गाँउपालिका